# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ३९६ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **विदेशमा उच्चशिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत विद्यार्थीहरूलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्वन्धमा ।**

महाशय,

विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत विद्यार्थीहरूलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्वन्धमा निम्न व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधित सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

<u>शर्तहरू</u> :

१. नेपाल सरकार, शिक्षा, संस्कृति तथा खेलकूद मन्त्रालयले विद्यार्थीलाई निजी खर्चमा विदेश अध्ययन गर्न जाने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको नाममा सटही सुविधा प्रदान गर्न लेखिएको सिफारिसपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

२. त्यस्तो सटही रकम विदेशस्थित शैक्षिक संस्थाको नाममा भुक्तानी हुनेगरी ड्राफ्ट/टि.टी./स्वीफ्ट ट्रान्सफरको माध्यमबाट मात्र उपलब्ध गराउनुपर्नेछ ।

३. भुक्तानी पाउने शैक्षिक संस्थाको नाम, ठेगाना र दफा नं. १ मा उल्लेखित शिक्षा, संस्कृति तथा खेलकूद मन्त्रालयको सिफारीसपत्रमा उल्लेख भएको संस्थाको नाम ठेगाना एउटै हुनुपर्नेछ ।

४. सटही उपलब्ध गराउनु अघि माग भई आएको विदेशी मुद्रा रकमलाई पुष्टि गर्ने Supporting Document (जस्तै:-सम्बन्धित शैक्षिक संस्थाको पत्र, Brochures, Invoice, I-20 फर्म इत्यादी) अनिवार्यरुपले पेश गर्नुपर्नेछ ।

५. सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले यसरी प्रदान गरेको सटही सुविधाको विवरण मासिकरुपमा नेपाल राष्ट्र बैंक, शोधनान्तर महाशाखामा अनुसूची-२ फा.नं.ने.शो.-२(क) कोड नं. १२०५०० शिक्षा शिर्षकमा उल्लेख गरी अनिवार्यरुपले मासिकरुपमा पठाउनुपर्नेछ ।

**द्रष्टव्य : शैक्षिक संस्थाको नाममा पठाइने रकम बाहेक निर्वाह खर्च वापत विद्यार्थी स्वयंको नाममा सटही आवश्यक परेको खण्डमा यस बैंकको अनुमति आवश्यक पर्ने भएको हुँदा दफा १ अनुसारको मन्त्रालयको सिफारीसको सक्कल प्रति सम्बन्धित विद्यार्थीलाई नै फिर्ता दिनुपर्नेछ ।**

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक